# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ४ ] काठमाडौं माघ १० गते २०११ साल [ संख्या २८

## भाग २

### अर्थमन्त्रालयको सूचना

दैनिक तथा भ्रमण भत्ताबारे संशोधन र स्पष्टीकरण

५२१ २–११–०११

दैनिक तथा भ्रमण भत्ता खर्च दिनेबारेमा २०१० साल आषाढ २३ गते गजेट प्रकाश भएकोमा स्पष्टीकरणको निमित्त ठाउँठाउँबाट रिपोट आएको र हालको नेपालको भौगोलिक स्थिति सामाजिक अवस्थासमेतको दृष्टिकोणबाट निम्न लेखिएका कुराहरूमा निम्न लेखिएबमोजिम गर्ने गराउने निर्णय भई आएकोले सोबमोजिम गर्नु गराउनु ।

(१) हालको अड्डामा जानेहरूमा आफ्नो मन्सुरीले जानेहरूलाई दैनिक भत्ता नदिने उक्त सवालको दफा ६ मा लेखिएकोलाई सोबमोजिम गर्दा दरखास्त



258

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

दी पास भै जाने कसैले नपाउने हुनजाने भएकोले आइन्दा नयाँ भर्ना भई र आफ्नै मन्जुरीले सरुवा चेन्ज भै जानेहरु समेतलाई नियमबमोजिम पाउने दैनिक तथा भ्रमण भत्ता दुवै थोक पाउनेछ।

(२) सदरबाट जानेमा ४ भञ्ज्याङ्ग नाघी र मधेश पाहाडबाट जानेमा आफू बसेको अड्डाबाट ५ कोश नाघी रात बस्ने गरी जानेलाई भ्रमण तथा दैनिक भत्ता दिने उक्त सवालको ८ दफामा लेखिएकोमा ५ कोशबाहिर आफ्नो इलाकामा रात बस्ने गरी गएमा पाउने नपाउने के हो भन्ने ठाउँ ठाउँबाट रिपोट आएको र लेखापढी गरे पुग्ने काममा पनि मानिस पठाई बढी खर्च भए गरेको पनि बुझिएकोले आइन्दालाई नयाँ भर्ना भै जानेले बहाली पाएको अड्डाबाट र सरुवा बढुवा भै जानेले र काम काममा खटी जानेले आफ्नु बहाल रहेका अड्डाबाट ५ कोशभन्दा टाढा एक जिल्ला इलाकाबाट अर्को जिल्ला इलाकामा ( सदरमा ४ भञ्ज्याङ्गको हद राखी आएको हुँदा सदर फाले ४ भञ्ज्याङ्ग नाघी ) २, रात बस्ने गरी आए गएमा ३, यी तीनै शर्त पूरा हुने गरी जाने आउनेले मात्र दैनिक तथा भ्रमण खर्च पाउने सो ३ कुरामा एक कुराको मात्र कमी भएमा पनि पाउनेछैन।

(३) दैनिक तथा भ्रमण खर्च दिंदा मदेशतर्फ जानेलाई देशीनोट कंपनी र पहाड-तर्फ जानेलाई नेपाली नोट मोहर रुपैयाँ दिने उक्त सवालको दफा ११ मा लेखिएकोमा मोहर दरबन्दी भएको इलाकामा मोहर र कं रु. दरबन्दी भएको इलाकामा कं. रु. खर्च गर्नुपर्ने हुँदा मदेश पहाड दुवैको बाटो भै आउने जानेलाई कं. रु. या मोहर एक थोक मात्र दिन नमिल्ने भएकोले त्यसरी मदेश पहाड दुवैको बाटो भै जाने आउनेलाई सो बाटोका हिसाबले जुन जुन हिसाबको जे जति खर्च पाउने हुन आउँछ, सोहीबमोजिमको मोहर कं. रु. दुवै पाउनेछ।

(४) उक्त सवालको दफा ( १३ ) मा हवाई बाटो आउनुपर्ने जरुरी कामलाई हवाई बाटो जानु भन्ने आदेश भै खुलेकाले बाहेक अरूले हवाई बाटो जान

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

नेपाल कानून आयोग

पाउँदैन भन्ने लेखिएको भए पनि अबउप्रान्तलाई यसरी हवाई मार्गबाट जान विशेष आदेश नचाहिने गर्नें र हवाई वा जमीन जहाँबाट जाँदा सरकारको खर्चमा किफायत हुन्छ, सो बाटोबाट जाँदाको हिसाबले पाउनेसम्म भ्रमण तथा दैनिक खर्च पाउनेछ ।

(५) हिन्दुस्थानतिर जानुपर्ने भएमा कलकत्ता, बम्बई, डिल्ली जानेलाई शयकडा शय र अन्तलाई शयकडा ५० बढाई दिने भन्ने दफा ( १४ ) मा लेखिएकोलाई सरहदबाट हिंडेका मितिदेखि सोबमोजिम पाउने होकि भन्ने-समेत भ्रममा परेको बुझिएकोले सोबमोजिम हिंडेका मितिदेखि पाउने नभै नेपालको इलाकासम्मको नेपालको दरबन्दीबमोजिम र कलकत्ता, बम्बई, डिल्ली मुकाम गरी बसेको दिनसम्मको नेपालको इलाकाभित्र पाउने दैनिक कं. रु. भत्तामा शयकडा शय थपको हिसाबले र कलकत्ता, डिल्ली, बम्बई बाहेक हिन्दुस्थानका अरु ठाउँमा मुकाम गरी बसेमा वा बाटो गरी गएमा सो दिनजतिको नेपालको इलाकाभित्र पाउने कं. रु. को शयकडा ५० थप पाउनेछ ।

आज्ञाले—

चूडानन्द वैद्य,

का. मु. सेक्रेटरी— अर्थमन्त्रालय.

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।